आज मिति २०७९/०३/०१ गते बुधवार दिनको ८:०० बजे क.उ.म.न.पा.को मर्यादित सभा हलमा नगर प्रमुख श्री बिनोद प्रसाद साहज्यूको अध्यक्षतामा क.उ.म.न.पा. नगर कार्यपालिकाको दोस्रो बैठकमा देहाय अनुसारको प्रस्ताव माथि छलफल गरियो।

<u>छलफल गरिने विषयहरु र निर्णयहरु (AGENDAS AND DECISIONS) :-</u>

१. अंग्रेजी माध्यमको पब्लिकेशन छनौट सम्बन्धमा ।

निर्णय :- बाल विकासमा All in One पुस्तक ओसियन पब्लिकेशनको र कक्षा १,२,र ३ मा वेदन्ता पब्लिकेशनको पुस्तक छनौट गर्ने र सो मा २५% छुट दिने प्रतिवद्धता गरे बमोजिम घटाई विद्यालयलाई अनुदान पठाउने निर्णय गरियो ।

२. प्रथम नगर सभा सम्बन्धि छलफल गर्ने सम्बन्धमा ।

निर्णय :- प्रथम नगर सभा २०७९/०३/१० गते अहवान गर्ने निर्णय गरियो ।

३. वृक्षारोपण कार्यक्रमको लागि प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ज्यामी ज्याला उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय :- यस कर्लैया उपमहानगरपालिका क्षेत्र भित्र वृक्षारोपण कार्यक्रममा लाग्ने ज्यामिहरुको पारिश्रमिक ज्याला प्रधानमन्त्री रोजगार कार्यक्रमबाट उपलब्ध गराउने निर्णय गरियो ।